# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

# २०७९

प्रमाणिकरण मितिः २०७९/०३/०९

## बेलड़ाड़ी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## कंचनपुर

Tabe of Contents

बेलडाडी गाउपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशिकरण रणनीति ............................ ५
१.पृष्ठभूमी......................................................................................................... ५
२.लैससास नीति तर्जुमाको महत्व ......................................................................... ५
३.गाउँपालिकाको संक्षिप्त परिचय:......................................................................... ६
३ऐतिहासिक चिनारी तथा नामाकरण १.................................................................. ६
४.लैससास रणनीति निर्माणको बिधि तथा प्रक्रिया:.................................................... ७
५. वेलडाडी गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण :- ........................ ७
५राजनैतिक अवस्था .१.............................................................................. ७
५स .१.२.ामाजिक अवस्था बिश्लेषण : ............................................................. ७
५:आर्थिक अवस्था .१.३............................................................................. ८
५: लक्षित समुदाय नक्सांकन तथा प्राथमिकिकरण र सवाल पहिँचान २. ..................................... ८
५प्राथमिकिकरण बेलडाडी गाउँपालिकाका लक्षित समूह २.१............................................... ८
६.गाउँपालिको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण ............. ९
७. लैससास रणनीतिको औचित्यता: ...................................................................... ११
८. लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पना, ध्येय, लक्ष्य, उद्‌देश्य, मुल्य-मान्यता र औचित्यता ........................................................................................................ ११
८लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पनाः १. ................................................... ११
८ध्येयः २.......................................................................................... १२
८लक्ष्यः ३. ........................................................................................ १२
९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनीतिको उदेश्य...................... १२
१० .लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का रणनीति तथा कार्यनीतिहरु यसप्रकार रहेको छ-: ........................................................................................ १२
११.नीति कार्यान्वयनका लागि मुख्य क्रियाकलापहरू र जिम्मेवार निकायहरू: ............................ १४
१२. लैससास मूलप्रबाहीकरणका लागि तपसिल वमोजिम कार्य गरिने छ : ............................... १६

१२.१ .संस्थागत व्यवस्था ........ १६

१२.२ .नीतिको मूल्याङ्कन ........ १७

१३. सम्भाव्य जोखिम र न्यूनीकरणका उपाय ........ १७

१. ........ १७

१४. निष्कर्षः ........ १८

अनुसूची १ ........ १८

# बेलडाडी गाउपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशिकरण रणनीति
# २०७९

## १.पृष्ठभूमी

नेपालको संबिधानले समानुपातिक समाबेशि र सहकागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संबिधानले दिशा निर्देश गरेबमोजिम समता मुलक समाजको निर्माण गर्न बेलडाडी गाउपालिका र यसका सबै क्षेत्रगत बिषयहरुमा समेत सामाजिक समाबेशिकरणको बिषयलाइ आन्तरिकिकरण , मूलप्रवाहिकरण र संस्थागत गर्न आवश्यक भएको छ । यसबाट बेलडाडी गाउपालिका र यस अन्तरगतका निकायहरुमा सबै वर्ग ,जात जाती ,लिङ्ग र क्षेत्र लाई समाबेशिकरणको मान्यता अनुरुप सहभागी गराइ समाजिक समावेशिकरणका सवालहरु लाई नीतिगत तथा कानूनीरुपमा थप व्यवस्थित गर्न मद्यत पुग्ने अपेक्षा गरिएको छ ।

मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणली अवलम्बन गरेको सन्दर्भमा बेलडाडी गाउपालिकाका सम्बद्ध बिषयगत क्षेत्र र अन्तरगत सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरु लाई समावेसीमैत्री बनाउन यो समाबेशिकरण नीति जरुरी भएको छ ।

## २.लैससास नीति तर्जुमाको महत्व

वेलडाडी गाउपालिका नेपालको सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाको दक्षणीक्षेत्रमा अवस्थित रहेको छ । यस गाउपालिकाको कुल क्षेत्रफल ३६.७ वर्ग कि.मि .र जनसँख्या २१९४९ रहेको छ जसमा महिलाको सँख्या ११७०९ रहेको छ भने पुरुषको सँख्या १०२४० रहेको छ । विभिन्न जातजाति, भाषाभाषी, धर्म, बर्ण र लिङ्गका आधारमा विभिन्न विविधता भएका समुदाय र वर्गको बसोबास रहेको पालिकामा सबै वर्ग र समुदायको पालिका तहका हरेक संरचना, तह र बहुआयामिक पक्षहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण हुनु अत्यन्तै आवश्यक रहेको छ । त्यस्तै गरेर स्थापित मानवीय मुल्य र मान्यता विपरित समाजमा विकृत संस्कार, परम्परा तथा ब्यवहारको रुपमा मानव मानव बिचमा जातीय, धार्मिक, साँस्कृतिक, भौगोलिक तथा अन्य रुपमा विभिन्न प्रकारका विभेद तथा असमानताहरु पनि सँगसँगै हुर्कदै बढ्दै गएर विभिन्न नाम र बाहानामा यस्ता असमानता र विभेद समाजको एक अभिन्न अङ्ग बन्न पुगेको छ । त्यस्तै गरेर लैङ्गिक विभेद तथा असमानता समेत एक नमिठो सत्यको रुपमा समाजमा जरा गाडेर रहेको छ । लैङ्गिमतामा आधारित हिंसाहरु जस्तो घरेलु हिंसा, बालविवाह, छाउपडी, मानव बेचविखन, जस्ता घटनाहरु पनि यस समाजमा उल्लेख्य रुपमा घट्न पुगेका छन । त्यस्तै गरेर हाल विश्व स्वास्थ्य महामारी कोरोना संक्रमणले गर्दा पनि विशेष गरेर महिला र जोखिममा परेका वर्ग र समुदायको लागि थप चुनौतिहरु थपिएको अवस्था छ । स्थापित मानवीय मुल्य र मान्यता विपरितका यस्ता विभेद तथा असमानताहरुको अन्त नभएसम्म समतामुलक तथा न्यायिक समाजको निर्माण हुन सक्दैन भन्ने मान्यतालाई आत्मसाथ गर्दै समाजमा ब्याप्त रहेका विविध प्रकारका

विभेद, असमानता तथा पछाडी परेका वर्ग र समुदायको मुल प्रवाहिकरण गर्ने अभिप्रायका साथस्थानिय तहले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीतिगत प्राबधानहरुको तर्जुमा गर्नु अत्यन्तै आवश्यक रहेको छ ।

## ३.गाउँपालिकाको संक्षिप्त परिचयः

### ३.१ ऐतिहासिक चिनारी तथा नामाकरण

बेलडाडी गाऊँपालिका कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगरबाट दक्षिण—पूर्वतर्फ २४ कि.मी. को दूरिमा अवस्थित छ । यस गाऊँपालिकाको कुल क्षेत्रफल ३६.७ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको उत्तरमा शुक्लाफाँटा वन्यजन्तु आरक्ष, दक्षिणमा भारतको उत्तर प्रदेशको पिलिभित, पूर्वमा बेलौरी नगरपालिका र पश्चिममा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज रहेका छन् । बेल्डाँडी गाऊँपालिकाको ऐतिहासिक नामाकरणका सन्दर्भमा यस ठाउँमा बेलका रूखहरू भएको डाँडामा पुराना पुर्खाहरू बसोबास गरेको हुनाले बेल्डाँडी नाम रहन गएको र सोही नामबाट गाऊँपालिकाको नामाकरण गरिएको पाइन्छ ।प्रशासनिक विभाजनका सन्र्दभमा कञ्चनपुर जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा पर्ने यो गाऊँपालिका साविकको इलाका नं २ मा रहेको थियो । हाल यस गाऊँपालिकालाई ५ वटा वडाहरूमा विभाजन गरिएको छ । यस पालिकाको कुल जनसंख्या २१९४९ मध्ये पुरुस- १०२४० र महिला ११७०९ रहेको छ ।

यस पालिकामा बिभिन्न जातीको वसोवास रहेको छ । कुल जनसंख्यामा क्षेत्री ७४८४, थारू ५३७७, व्राम्हण २८७४, ठकुरी ११७८, मगर ९६४, कामी ९१७, सन्यासी ४८५,दमाइ ३८४, सार्की ११३, अन्य दलित १८४४, अन्य ३२९ गरी जम्मा २१९४९ रहेको छ ।

यो गाउँपालिकामा मुख्य गरी क्षेत्री र थारूको बाहुल्यता रहे पनि व्राम्हण , ठकुरी, मगर लगायत अन्य जातजातीको समेत बसोवास रहेको छ । नेपाली भाषा मातृ भाषाको रुपमा प्रयोग गरिएपनि थारु, दार्चुला, बैतडी, डडेलधुराको बाहुल्यता भएको वस्तीहरुमा आ-आफ्नो भाषा बोल्ने गरेको पाइन्छ । कृषिलाई मुख्य पेशा मानिएता पनि मौषमी रुपमा भारतको रोजगारी र बैदेशिकरोजगारीमा जानेहरुको संख्या दिनानुदिन बढ्दो क्रममा रहेको पाइन्छ ।

बेलडाँडी गाउँपालिकाको पछौटे सामाजिक जनजीवन, अशिक्षा, चेतनास्तरको कमी, भौगोलीक बिकटता जस्ता विभिन्न अवरोध तथा समस्याहरुले गर्दा लक्षीत समूहका बालबालिकाहरुले परिवार भन्दा बाहिर रहेर आफ्नो कष्टकर जीवन जिउन बाध्य भई पारिवारिक संरक्षणको अवसरबाट बञ्चित भएका छन् । त्यसैगरी बालश्रम, बाल विवाह, उच्च शिक्षा हासिल गर्न नपाउनु, घरेलु हिंसा, लैंगिक विभेद, दुरव्यवहार, महिलामाथि कार्यबोझ, र श्रम शोषण, यौन शोषण हुने गरेको छ ।

## ४.लैससास रणनीति निर्माणको बिधि तथा प्रक्रियाः

यस नीतिको तर्जुमा गर्दा नेपालको सम्बिधान ,लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति ,लैगिंक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, र अन्तराष्ट्रिय कानुनहरु, अन्तराष्ट्रिय सन्धि लगायत लैंगिक समानता सम्बन्धी महत्वपूर्ण दस्तावेजहरु लाई आधार मानि लैससास रणनीति प्रति सबै सरोकारवालाको अपनत्व बिकास तथा प्रभावकारी कार्यान्वयनमा सहजताका लागि गाउँपालिकास्थित जनप्रतिनिधि, कर्मचारीहरु र सम्वन्धित सरोकारवालाहरुको सहभागितामा रणनीति निर्माण गरी कार्यपालिकाबाट पारित गरिएको हो । रणनीति निर्माण गर्न १२ सदस्यीय कार्यादल गठन गरिएको थियो र रणनीति निर्माणमा प्रादेशिक सुशासन केन्द्र डोटीले सहजीकरण गरेको थियो ।

## ५. वेलडाडी गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण :-

वेलडाडी गाउँपालिकाको बिद्यमान राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण गरिएको छ । बिश्लेषणले आगामी दिनमा लैससासको क्षेत्रमा आर्थिक, सामाजिक र राजनैतिक योजना तथा नीति कार्यक्रमका बिषयहरु उठान गर्न सहयोग गर्नेछ ।

### ५.१. राजनैतिक अवस्था

वेलडाडी गाउँपालिकाको राजनैतिक अवस्था अध्ययन तथा बिशलेषण गर्दा आम नागरीकहरु राजनैतिक रुपमा सचेत भएपनि हरेक समितिको नेतृत्व तहमा महिला, दलित लगायत पछाडी परेको समुदायको सहभागिता अपेक्षाकृत बृद्धि हुन सकेको छैन । महिला लगायत लक्षित समूहलाई राजनीतिमा सहभागिता बृद्धिका लागि परिवार तथा समाजबाट सहज वातावरण सृजना गर्न आबश्यक देखिन्छ । महिला, दलित लगायत बञ्चित समुदायलाई राजनैतिक चेतनास्तर बढाउन स्थानीय राजनैतिक दल लगायत गाउँपालिकाबाट जनचेतना अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन हुन जरुरी छ । कानुनले अनिवार्य गरेकोमा बाहेक अन्य क्षेत्रमा महिला लगायत पछाडी परेका वा पारिएका बर्गको सहभागिता बृद्धि गर्न सकिएको छैन । गाउँपालिका अध्यक्ष लगायत वडा अध्यक्षमा महिला सहभागिता शुन्य रहेको छ ।

त्यसैगरी सबै राजनैतिक दलहरुको गाउँकमिटिमा महिला सहभागिता ३३ प्रतिशत र सामाजिक रुपले समाबेशी सहभागिता अनिवार्य गरिएपनि निर्णायक भूमिकामा पुर्याउन सकेको पाइदैन। लैंगिक तथा सामाजिक हिसावले समान अस्तित्वलाई सहज रुपमा स्विकार नगरे सम्म शक्ति सम्बन्धमा महिला लगायत बञ्चित तथा पछाडी परेका बर्ग समुदायहरु समान हैसियतमा आउन नसक्ने यथार्थता हाम्रा सामु बिद्यमान छ ।

### ५.१.२. सामाजिक अवस्था बिश्लेषण :

सामाजिक हिसावले वेलडाडी गाउँपालिकामा बिभिन्न जातजाती, बर्ग, लिंग, धर्म मान्ने समुदायको बसोवास रहेको छ । जातजाती तथा धर्मका आधारमा भाषा, भेषभुषा, रहन सहन र संस्कृति फरक फरक रहेको छ । समाजमा बिद्यमान पित्रृसतात्मक सोच र ब्यबहारबाट यो गाउँपालिका पनि अछुत रहनन सकेको

छैन । लैंगिक बिभेद, दाइजो प्रथा, बोक्सी तथा धामीझाक्री प्रथा, बाल बिबाह, बहु बिबाह, जातिय बिभेद, घरेलु हिंसा र लैंगिक हिंसा जस्ता सामाजिक कुप्रथा र गलत सामाजिक अभ्यासहरु अझै कायमै रहेको छ । पुरुषलाई महत्व दिने परिवार तथा समाजले महिलाको समान अस्तित्वलाई स्विकार गर्न नसकेका कारण निर्णायक भूमिकामा महिला सहभागिता र अवरमा तथा सुचनामा पहुँच न्यून छ । पुरुषलाई महत्व दिने समाजमा लैंगिक रुपले समान अवसर र समान पहुँच हुन सकिरहेको छैन ।

### ५.१.३. आर्थिक अवस्थाः

यस गाउँपालिकाको अर्थिक स्रोतको रुपमा मुख्य पेशा कृषि ब्यबसाय मानिए पनि केही मात्रामा ब्यापार ब्यबसाय, बैदेशिक रोजगारी, छिमेकी मुलुक भारतमा रोजगारीको लागि जाने र ज्यालामजदुरी समेत रहेको पाइन्छ । रोजगारी तथा ब्यबसायमा महिलाको एकिन तथ्यांक नभएपनि कम मात्रमा संलग्नता रहेको पाइन्छ । पारिवारिक स्रोत तथा भूमिकामा महिलाको पहुँच न्यून छ ।

## ५.२ लक्षित समुदाय नक्सांकन तथा प्राथमिकिकरण र सवाल पहिँचान :

गाउँपालिकाले समुदायतहमा सर्बेक्षण गरी लक्षित समूहको एकिन तथ्यांक पहिँचान गरेको अभिलेख नभए पनि गाउँपालिकामा महिला लगायत पछाडी पारिएका बर्ग समुदायहरु लक्षित समुदाय मानि गाउँपालिकाले लक्षित समूहको उत्थान र बिकासमा बार्षिक योजना तथा बजेट बिनियोजन गर्ने गरेको छ । गाउँपालिकाको सबै वडाहरुमा लक्षित समूह छरिएर रहेको पाइन्छ । लक्षित समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छः-

### ५.२.१ बेलडाडी गाउँपालिकाका लक्षित समूह प्राथमिकिकरण

**क. महिला/एकल महिलाका सवालहरु :**

- घरेलु हिंसा, लैंगिक हिंसा, बलात्कार तथा यौनजन्य दुरब्यबहार र बिभेदबाट पिडित हुनु तथा लैंगिक बिभेद, सामाजिक असमानता तथा बोक्सी प्रथा लगायतका कुरीतिहरु कायमै रहनु ।
- नीति निर्माण तहमा अर्थपुर्ण सहभागिता न्यून रहनु र नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्नु ।
- महिलाहरुको योजना तर्जुमा प्रक्रियामा अर्थपूण सहभागितामा कमि ।
- गर्ववती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा स्वास्थ्यको जोखिममा पर्नु ।
- आर्थिक स्रोतमा पहुच तथा नियन्त्रणमा कमि ।
- एकल महिला, अपांग, असाह्य महिलाहरुलाई सेवामा असमान पहुँच, समान अवसरबाट बञ्चित हुनु ।

**(ख)अपांगता भएका ब्यक्तिका सवालहरु :**

- अपांग महिला, बालिका तथा किशोरीहरु यौनजन्य शोषण तथा दुरब्र्यबहार र बलात्कारको शिकार बन्नु ।
- समान अवसरबाट बञ्चित साथै सार्बजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु ।
- मानसिक स्वास्थ्य समस्याको सिकार हुनु ।
- अपंगमैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा सेवामा पहुँच कमि हुनु ।
- समान शिक्षाको अवसरबाट बञ्चित ।
- रोजगारीमा पहुँच कमि ।

**(ग) बालबालिकाका सवालहरु**

- सबै सार्वजनिक स्थानमा स्तनपान कक्ष नहुनु ।
- बाल यौन दुरब्यबहार तथा श्रम शोषण लगायतका बिभेद जन्य कार्य हुनु ।
- बालविवाह कायमै रहनु र कम उमेरमा बच्चा जन्मिनु बच्चाको जन्म दर्ताको समस्या ।
- बालमैत्री संरचना /व्यवहार /खेल मैदान /बालउद्यान नहुनु ।
- बलिकाहरुमा आत्मरक्षा शिप नहुनु ।

**(घ) ज्येष्ठ नागरिकका सवालहरु**

- परिवार तथा समाजबाट अपहेलित र एक्लै बढी समय बिताउनु पर्दा मानसिक समस्या हुने ।
- जेष्ठ नागरिकको सूचना तथा स्रोतमामा पहुँच कमि ।
- ज्येष्ठ नागरिक माथि अपमानजनक ब्यबहार हुने ।

**(ड.)अति बिपन्न समुदायका सवालहरु**

- मुख्य पेशा ज्यालामजदुरी वाट जीवन निर्वाह गर्न बाध्य ।
- गरिवीका कारण उच्च शिक्षा, स्वास्थ्य र रोजगारबाट बञ्चित ।
- सुचनामा पहुँच नपुग्दा गाउँपालिका तथा वडाबाट संचालित योजना लगायत सेवा सुबिधामा पहुँच नहुनु।

**६.गाउँपालिको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण**

बेलडाँडी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण क्षेत्रमा गरेका सकारात्मक अभ्यासहरु, कमजोर पक्षहरु, अवसर र बाधाहरु पहिँचान तथा बिश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समाबेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस गाउँपालिकाले अवलम्बन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामान गर्न यस रणीनतिक योजनाले मार्गनिर्देश गरेको छ । यस गाउँपालिकाको **(SWOT Analysis)** निम्न तालीकामा प्रस्तुत गरिएको छः-

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|
| • लैससास सम्पर्क व्यक्ति तोकी परिचालन गरिएको छ ।<br>• लैससास सम्बन्धी अन्तरक्रिया गोष्ठि संचालन भएको छ ।<br>• जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि बनाई कार्यान्वयन भएको ।<br>• अपाङ्ग परिचय पत्र वितरण कार्यविधि छ<br>• कर्मचारी र जनप्रतिनीधिको आचारसंहिता छ ।<br>• न्यायीक समितिको कार्यविधि छ ।<br>• बार्षिक रुपमा लैससास परिक्षण शुरुवात भएको छ ।<br>• लैससास कार्यन्वयनमा पालिका अन्तरगतका शाखाहरु विच समन्वय र सहकार्य छ ।<br>• मेलमिलाप कर्ता र मेलमिलाप केन्द्रको गठन भएको छ । | • सबै सार्बजनिक निकायमा लैससास मैत्री पुर्वाधार हुनु पर्ने ।<br>• लैससास सम्बन्धि गुनासो सुनुवाई संयन्त्र हुनु पर्ने ।<br>• लैगिक उत्तरदायि बजेट कार्यन्वयन भए नभएको विश्लेषण गरिनु पर्ने ।<br>• स्तनपान कक्षको स्थापना र व्यवस्थापन गरिनु पर्ने ।<br>• गाउँपालिका लगायत सबै सार्वजनिक निकायमा लैगिक मैत्री शौचालय र स्यानीटरी प्याडको व्यवस्था हुनु पर्ने ।<br>• कर्मचारी र जनप्रतिनिधिको क्षमता विकासका कार्यक्रम हुनु पर्ने ।<br>• बालविवाह, छुवाछुत तथा लैंङ्गिक हिंसाको अन्त्य कालागि कार्यक्रम सञ्चालन गरिनु पर्ने ।<br>• लैससास दृष्टिले अनुगमन मूल्याङ्कन गरि प्रभाव विश्लेषण सहितको प्रतिबेदन तयार नहुनु र सोको आधारमा वार्षिक नीति तथा कार्यक्रम तयार नहुनु । |

| अवसर | चुनौती |
|---|---|
| • लक्षीत समूह संजाल मार्फत योजना माग गरी कार्यान्वयनमा लैजान सकिने ।<br>• टोलविकास संस्था गठन गरी परिचालन गर्न सकिने ।<br>• लैससास सम्वन्धि काम गर्ने संघसंस्था छन् ।<br>• संघ प्रदेश तथा स्थानीय तहको सहयोग समन्वय छ । | • लैंगिक हिंसा तथा जातिय बिभेदको अन्त्य हुन् नसक्नु ।<br>• योजना तर्जुमा प्रक्रियामा लक्षित समुदाय वर्ग, क्षेत्र लिङ्ग को अर्थपुण सहभागिताको सुनिश्चितता ।<br>• नीति कार्यक्रमको सम्बन्धमा लक्षित समूहलाई सुसुचित गराउन ।<br>• पितृसतात्मक सोचाई परिवर्त गर्न नसक्नु ।<br>• अन्तर पुस्ता विचको सम्बन्धमा फरक ।<br>• बाल विवाह कायमै रहनु । |

## ७. लैससास रणनीतिको औचित्यताः

संबिधानद्धारा प्रदान गरिएको समानताको हक कार्यान्वयनका लागि समुदाय तहमा रहेका बिभेदकारी मुल्यमान्यताहरु परिवर्तन गर्नु जरुरी छ । लैससास रणनीतिले गाउँपालिकाको हरेक नीति, कानुन, योजना तथा बजेट र कार्यक्रमलाई लैससास उत्तरदायि बनाउन मार्गनिर्देश गर्ने हुदा ब्यक्ति, परिवार र समाजको सोंच र ब्यबहारमा सकारात्मक परिवर्तन ल्याई लक्षित बर्गलाई बिकासको मूलप्रबाहमा समाबेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ ।

नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्वताहरु स्थानीयकरण गरि लागु गर्न गराउन आबश्यकता महशुस गरी बेलडाडी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति निर्माण गरेको छ । लैससास नीति जारी भए पछी यसलेः-

क) लैससास सम्बन्धी प्राबधानहरुलाई स्थानीयकरण गरी बिकासको मूलप्रबाहमा लक्षित समूहको अर्थपुर्ण सहभागिता सुनिश्चत गर्न मार्गनिर्देश गर्ने छ ।

ख) खण्डिकृत तथ्यांक सहित लक्षित समूहको आबश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्ने छ ।

ग) दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका बिभेद हटाई समान पहँचु र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्ने छ ।

घ) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्राबधानहर्रुलाई स्थानीयस्तर देखि नै पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्ने छ ।

ङ) लैससासाको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा बिकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैससामैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्ने छ ।

च) यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघसंस्थाहरु बिच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, कानुन, योजना निर्माण एवं कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्ने छ ।

## ८. लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्य-मान्यता र औचित्यता

### ८.१ लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पनाः

सामाजिक समाबेशिकरण प्रणलीको माध्यम बाट न्यायपूर्ण तथा समतामूलक समाजको निर्माण र अर्थपूर्ण सहभागीता ।

**८.२ ध्येयः**

वञ्चितिकरणमा परेका वर्ग, लिङ्ग र समुदायको समग्र विकास, अवसर र सहभागितामा पहुँच सुनिश्चीत भएको हुनेछ ।

**८.३ लक्ष्यः**

समाजमा बिद्यमान बिभेद र असमानतामा सकारात्मक परिबर्तन ल्याइ बञ्चितिकरणमा परेका सबै वर्ग, क्षेत्र, जाती, लिङ्ग र समुदायलाई पाँच वर्ष भित्र नीति निर्माण, शासन प्रक्रिया, सेवा प्रवाह र दिगो विकासको मुलप्रबाहमा समाहित गर्ने ।

## ९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनीतिको उदेश्य

९.१ लैससासको अवधारणालाई संस्थागत गर्नका लागि नीतिगत रुपमा स्पष्टता कायम गर्दै आवश्यक कायदिशा निर्दिष्ट गर्नु ।

९.२ संरचनागत तह तथा निर्णायक प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा परिणाममा समान पहुँच र नियन्त्रणको सुनिश्चितता गर्ने ।

९.३ समाजमा बञ्चितिकरणमा परेका वर्ग, लिंग, क्षेत्रका समुदायलाई सशक्तिकरण माध्ययबाट पारिवारिक तथा स्थानीय स्रोत उपयोगमा समानुपातिक पहुँच र समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।

## १०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का रणनीति तथा कार्यनीतिहरु यसप्रकार रहेको छः-

**उद्येश्य-९.१, ९.२ र ९.३ लाइ तपसिल अनुसार सम्बोधन गरिने छः-**

| रणनीति | कार्यनीति |
|---|---|
| १ लैससासलाई संस्थागत गर्न आवश्यक कानुन, नियमावली, कार्यविधि तथा मापदण्डहरुको तर्जुमा गर्ने । | १.१स्थानीयतहमा लैससासको मुलप्रवाहीकरणका लागि हाल विधमान ऐन, कानुन, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गर्ने । |
| २) महिला, एकल महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने । | १.२. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकता तथा हस्तक्षेपको क्षेत्र पहिचान गर्ने । |

| | |
|---|---|
| ३) लैंगिक हिंसा बिरुद्ध शुन्य सहनशिलता अबलम्बन गर्ने । | १.३. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायकोलागि पालिकाले हालसम्म गरेका पहलहरु र त्यसको कार्यान्वयन तथा प्रतिफलको समिक्षा गर्ने ।<br>१.४. पालिकाले बार्षिक,आवधिक योजना, कार्यक्रम, बजेट तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको विभिन्न चरणमा प्रत्यक्ष तथा अर्थपुर्ण सहभागिता गराउने ।<br>२.१ गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत वञ्चित समूहलाई विशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरुको जिविकोपार्जनमा सुधार गर्ने तथा अति बिपन्न तथा पछाडी परेका परिवारहरुको जिविकोपार्जनमा सुधार गर्न आयआर्जन सम्बन्धी योजना तथा कार्यक्रममा बजेट सुनिश्चित गर्ने ।<br>२.२. गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरुको परिमार्जन तथा पुनःस्थापना, व्यवस्थापन र सुधार गर्ने ।<br>२.३. बिभिन्न किसिमका सीपमूलक तथा आयमूलक कार्यक्रम गर्ने ।<br>३.१. लैंगिक हिंसा बिरुद्धका अभियानहरु संचालनका लागि सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गर्ने ।<br>३.२. गाउँपालिकाको बार्षिक नीति तथा योजनामा लैंगिक हिंसा बिरुद्धका कार्यक्रम सुनिश्चित गरी निश्चित प्रतिशत बजेट बिनियोजन गर्ने । |

| | |
|---|---|
| | ३.३.लैंगिक हिंसा बिरुद्धका कानुनी प्राबधानहरुको जानकारी र प्रभावकारी कार्यान्वयनका लागि सबै वडा तहमा कानुनी साक्षरता शिक्षा नियमित संचालन गर्ने ।<br>३.४. महिलाको मानसिक स्वास्थ्य समस्या समाधानका लागि परामर्श सेवा सञ्चालन गर्ने |

**११.नीति कार्यान्वयनका लागि मुख्य क्रियाकलापहरू र जिम्मेवार निकायहरूः**

लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाका सबै वडा कार्यालयहरु, सहकारी संस्था, गैह्रसरकारी संस्था, सामुदायिक संस्था एवम् नागरिक समाजबीच सहकार्य, साझेदारी र समन्वय गरी सम्बन्धित सरोकारवालाहरूलाई सामाजिक समावेशीकरणप्रति उत्तरदायी बनाउन देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछः

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|
| १. | पालिका तथा वडा तहका जनप्रतिनिधि एवम् सरोकारवाला निकाय विचमा लैससासस नीतिको औचित्य महत्व तथा यसबाट पालिकामा पर्ने सकारात्मक असर तथा प्रभावहरुको बारेमा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने । | बेलड़ाड़ी गाउपालिका अन्तर्गत महिला तथा बालबालिका शाखा र सबै वडा कार्यालयहरु । | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयप्रादेशिक , निकायहरु , जिल्ला समन्वय समिति, लैङ्गिक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्थाहरु तथा बेलड़ाड़ी गाउपालिका । | १ वर्ष भित्र |
| २. | पालिका र यस अन्रतगतका सबै वडासँग नियमित समन्वयन र सहकार्य गर्ने र नीतिको प्रभावकारीता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार नियमित रुपमा गर्दे जाने यस नितिलाई प्रभावकारी कार्यान्वयनका लागी | बेलड़ाड़ी गाउपालिका अन्तर्गत महिला तथा बालबालिका शाखा र सबै वडा कार्यालयहरु । | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,प्रादेशिक निकायहरु , जिल्ला समन्वय समिति, लैङ्गिक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्थाहरु तथा बेलड़ाड़ी गाउपालिका । | निरन्तर |

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|
| | पालिका,वडा क्षेत्रभित्र रहेका शिक्षा, स्वास्थ्य, सुरक्षा, गैर सरकारी संघ संस्थासंग नियमित समन्वय र सहकार्य गर्ने, त्रैमासिक रुपमा समिक्षा गर्ने, आवश्यकता अनुसार परिमार्जन गर्दै जाने । | | | |
| ३ | सबै प्रकारका हिंसा, विभेद, कुरीति, कुप्रथा विरुद्ध कार्यक्रम सञ्चालन गर्ने । | बेलड़ाड़ी गाउपालिका अन्तर्गत महिला तथा बालबालिका शाखा र सबै वडा कार्यालयहरु । | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयप्रादेशिक निकायहरु , , जिल्ला समन्वय समिति, लैङ्गिक समानता, महिला सशक्तिकरण, मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्थाहरु तथा बेलड़ाड़ी गाउपालिका । | निरन्तर |

## १२. लैससास मूलप्रबाहीकरणका लागि तपसिल वमोजिम कार्य गरिने छ :

लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र ब्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

(क) गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरु र गाउँपालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको ब्यबस्था गरिनेछ ।

(ख) गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशी अबधारणा र अभ्यासहरुका बिषयमा अभिमूखकरण मार्फत जानकारी गराई सेवा प्रबाह प्रक्रियालाई लैंङ्गिक तथा सामाजिक समाबेशी मैत्री बनाइनेछ ।

(ग) कार्यस्थलमा हुने यौनजन्य दुब्र्यबहार (निवारण) ऐन २०७१ मा भएका कानुनी ब्यबस्था बारे जनप्रतिनिधि लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य ब्यबहारका लागि प्रोत्साहीत गरिनेछ ।

(घ) गाउँपालिका क्षेत्र भित्रका लैंगिक बिभेद तथा लैंगिक हिंसाहरु र कार्यस्थलमा हुने यौनजन्य दुब्र्यबहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने ।

(ङ) वडास्तरको सबै वस्तीहरुमा सबै बर्ग समुदायका मानिसहरुको समानुपातिक सहभागिता गराई टोल समिति गठन गरि योजना तर्जुमा प्रक्रियामा र सामुदायिक बिकासका कार्यमा क्रियाशिल बनाइने छ ।

(च) गाउपालिका क्षेत्र भित्र संचालन हुने बिकास निर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि गठन गरिने उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिला सहभागिता साथै अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्वे कुनै एक पदमा महिला प्रतिनिधित्व सुनिश्चित गरिने छ ।

(छ) गाउँपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पछाडि पारिएका समुदायहरुको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत सबै क्षेत्रको बिकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

### १२.१ संस्थागत .व्यवस्था

यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारीरूपमा कार्यान्वयन गर्न तपसिल बमोजिम सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा अनुगमन समिति गठन गरिने छ -ः

१.गाउँपालिकाका अध्यक्ष - संयोजक
२ .गाउँपालिकाका उपाध्यक्ष - सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत— सदस्य
४ .सामाजिक विकास समितिका संयोजक— सदस्य
५. सामुदायिक संङ्घ संस्थाहरूमध्येबाट संयोजकले तोकेका कम्तिमा दुई जना महिला -सदस्य र,
६. महिला विकास शाखाका प्रमुख - सदस्य सचिव।

समितिले आवश्यकता अनुसार नीति कार्यान्वयन तथा अनुगमन उपसमिति र अन्य उपसमितिहरू गठन गरी जिम्मेवारी दिन सक्नेछ ।

## १२.२ नीतिको .मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवम् सुधार गरिनेछ ।

## १३. सम्भाव्य जोखिम र न्यूनीकरणका उपाय

उल्लिखित रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहाय बमोजिमको उपायहरू अवलम्बन गरिनेछ :

| क्र. सं. | सम्भावित जोखिम | जोखिम न्यूनीकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | सामाजिक समावेशीकरणको विषय वडा कार्यालयहरु र सम्बध्द सरोकारवालाहरुको प्राथमिकतामा नपर्नु । | कानुन र मार्गदर्शनबाट प्राथमिकतामा राख्ने । | गाउँपालिका । |
| २. | सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच स्थापित नहुनु । | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्साङ्कन गर्ने तथा लक्षित कार्यक्रम सञ्चालन गर्ने । | गाउँपालिका । |
| ३. | नीति कार्यान्वयनमा संलग्न वडा कार्यालय तथा सरोकारवालाहरूबीच प्रभावकारी समन्वय नहुनु । | नीति कार्यान्वयन तथा अनुगमन मितिको नियमित वैठकको व्यवस्था गर्ने । | सम्बन्धित वडा कार्यालयहरु सरोकारवाला निकायहरु गैरसरकारी तथा सामुदायिक संघ संस्था निजी क्षेत्र |
| ४. | तथ्यमा आधारित योजना तर्जुमा नहुनु । | योजना तर्जुमा पद्धतिलाई तथ्यमा आधारित बनाउने । | गा.पा.तथा वडा कार्यालयहरु । |
| ५. | समावेशीकरण प्रबर्द्धन लक्षित कार्यक्रमहरूलाई नियमित योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नु । | आवश्यक स्रोत आंकलन गरी व्यवस्थापन गर्न मार्ग निर्देशनद्वारा निर्देशित गर्ने । | गा.पा तथा वडा कार्यालयहरु । म्बध्द सङ्घीय तथा प्रादेशिक निकायहरु । |

## १४. निष्कर्षः

समाजमा विद्यमान लैङ्गिक बिभेद तथा जातीय असमानता, विभेदयुक्त सामाजिक व्यवहार र मुल्य मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न तथा नेपाल सरकारद्धारा निर्माण गरी जारी गरिएका राष्ट्रिय नीति तथा कानुनहरु र लैगिक समानता तथा सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त गरिएका विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई स्थानीय तहदेखि नै कार्यान्वयन गर्न गराउन निरन्तरता दिन बेलडाडी गाउँपालिकाको लैससास रणनीति २०७९ निर्माण गरिएको छ ।

## अनुसूची १

लैससास रणनीति निर्माण कार्यदल निम्नानुसार रहेको छः

१) संयोजकः भानुभक्त जोशी — शिक्षा शाखा
२) सदस्यः हेमराज रेग्मी जोशी — सामाजिक विकास शाखा
३) सदस्यः मधवानंद भट्ट — स्वास्थ्य शाखा
४) सदस्यः सिद्धराज भट्ट — पशुविकास शाखा
५) सदस्यः निरज शर्मा — कृषि विकास शाखा
६) सदस्यः गोमती बोगटी — राजश्व शाखा
७) सदस्यः रेखा भट्ट — पूर्वाधार विकास शाखा
८) सदस्यः कृष्ण बहादुर विष्ट — आ.ले.प.
९) सदस्यः सन्तोष जोशी- आर्थिक प्रशासन
१०) सदस्यः कृष्ण बहादुर चन्द — रोजगार संयोजक
११) सदस्यः सन्तोष प्रसाद उपाध्याय — सूचना प्रविधि
१२) सदस्य सचिवः शारदा बोहरा पनेरु — महिला वालवालिका तथा जेष्ठ नागरिक